# निजी फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम सञ्चालन आन्तरिक कार्यविधि, २०७७

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको आर्थिक बर्ष २०७७/७८ को स्वीकृत राष्ट्रिय फलफुल विकास कार्यक्रम अन्तर्गत "फलफूलका निजी नर्सरी सुदृढिकरण ५०% अनुदानमा" शिर्षकको कार्यक्रम सञ्चालन गर्न र सो अनुसार नर्सरी धनी कृषक, कृषक समूह, कृषि सहकारी तथा निजी फर्मलाई अनुदान उपलब्ध गराउन कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो आन्तरिक कार्यविधि स्वीकृत गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस कार्यविधिको नाम "**निजी फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम सञ्चालन आन्तरिक कार्यविधि, २०७७**" रहेको छ।

(२) यो कार्यविधि कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. **<u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;**

(क) "अनुदान" भन्नाले यस कार्यविधि अनुरुप नर्सरी पूर्वाधार विकास तथा सन्चालन गर्नका लागि उपलब्ध गराइने बस्तुगत वा नगद सहयोग सम्झनु पर्दछ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राही सम्झनु पर्दछ।

(ग) "केन्द्र" भन्नाले राष्ट्रिय फलफूल विकास केन्द्र सम्झनु पर्दछ।

(घ) "कलमी विरुवा" भन्नाले कुनै पनि फलफूल बालीको रुटस्टक र सायन जोडेर तयार गरिएको बिरुवा सम्झनु पर्दछ।

(ङ) "ग्रिन हाउस/ग्लास हाउस" भन्नाले विरुवा/बेर्नाहरुलाई आवश्यकता बमोजिमको तापक्रम र सापेक्षिक आर्द्रता लगायतको अनुकूलित वातावरणमा हुर्काउन सकिने व्यवस्था सहितको पारदर्शी सिसाबाट बनाईएको संरचना सम्झनु पर्दछ।

(च) "जालीघर/स्क्रिन हाउस (Screen house)" भन्नाले स्वस्थ्य र गुणस्तरीय फलफूल विरुवा विशेष गरी सुन्तलाजात फलफूलमा सिट्रस ट्रिस्टिजा भाईरस र ग्रीनीङ मुक्त विरुवाहरु उत्पादन गर्न रोग, कीरा सार्ने माध्यमहरु (जस्तै सुन्तलाजात फलफूलको हकमा सिट्रस सिल्ला) छिर्न नसक्ने जालीको आवरण र U.V. stabilized प्लाष्टिकको छानो प्रयोग गरी बनाईएको संरचना सम्झनु पर्दछ।

(छ) "सेड हाउस" भन्नाले हरियो जाली, एग्रो नेट वा अन्य जालीदार वस्तुहरु वा प्लाष्टिकको छानो प्रयोग गरी बेर्ना/विरुवाहरु हुर्काउनका लागि बनाईएको संरचना सम्झनु पर्दछ ।

(ज) "नर्सरी" भन्नाले उन्नत प्रविधि प्रयोग गरी फलफूल बिरुवा उत्पादन गर्ने स्थान सम्झनु पर्दछ।

(झ) "निजी नर्सरी" भन्नाले नर्सरी धनि कृषक, कृषक समूह, कृषि सहकारी तथा निजी फर्मको स्वामित्वमा रहेको फलफूल नर्सरी सम्झनु पर्दछ।

(ञ) "फलफूल" भन्नाले उष्ण प्रदेशीय फलफूल, उपोष्ण प्रदेशीय फलफूल ,समशितोष्ण प्रदेशीय फलफूल र शितोष्ण प्रदेशीय फलफूलका साथै चिया-कफी (plantation crop) र जैतुनलाई समेत सम्झनु पर्दछ।

(ट) "वार्षिक स्वीकृत कार्यक्रम" भन्नाले राष्ट्रिय फलफूल विकास केन्द्रको स्वीकृत वार्षिक कार्यक्रम सम्झनु पर्दछ।

(ठ) "मूल्याङ्कन समिति" भन्नाले दफा ८ को उपदफा (१) बमोजिमको समिति सम्झनु पर्दछ।



हरि बहादुर के.सी.

(ठ) "मूल्याङ्कन समिति" भन्नाले दफा ८ को उपदफा (१) बमोजिमको समिति सम्झनु पर्दछ।

(ड) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्दछ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

३. <u>उद्देश्यः</u> यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम हुनेछन्:-

(क) हाल सञ्चालनमा रहेका फलफूल नर्सरीहरुको स्क्रिन हाउस, ग्रीन हाउस तथा सेड हाउस लगायतका पूर्वाधार विकास गरी गुणस्तरीय फलफूल बिरुवा उत्पादन तथा आपूर्तिमा सहयोग पुर्याउने।

(ख) सुन्तलाजात फलफूलको हकमा सहयोग गरिने पुर्वाधार निर्माण तथा सञ्चालनबाट वड उड प्रमाणीकरण विधिमा जोड दिई गुणस्तरीय बिरुवा उत्पादनमा सहयोग पुर्याउने।

## परिच्छेद २
## कार्यक्रम सञ्चालन प्रक्रिया

४ .<u>कार्यक्रम सञ्चालन हुने जिल्ला</u>: (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रम केन्द्रको वार्षिक स्वीकृत कार्यक्रममा तोकिएका जिल्लामा सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) मा उल्लेख भए बमोजिम केन्द्रको वार्षिक स्वीकृत कार्यक्रममा कार्यक्रम सञ्चालन हुने जिल्ला उल्लेख नभएको अवस्थामा केन्द्रले कार्यक्रम सञ्चालन हुने जिल्ला छनौट गर्नेछ।

५. **कार्यक्रममा सहभागी हुन सक्ने आवेदक र अनुदान प्राप्त गर्न आवश्यक न्यूनतम योग्यताः** (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रममा देहाय बमोजिमका आवेदक सहभागी हुन सक्नेछन्:-

(क) नर्सरी धनी कृषक

(ख) कृषक समूह

(ग) कृषि सहकारी

(घ) निजी फर्म

(२) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रममा सहभागी हुन उपदफा (१) बमोजिमका आवेदकले देहाय बमोजिमको योग्यता पुरा गर्नु पर्नेछः-

(क) गुणस्तरीय बिरुवा उत्पादनका लागि प्रचलित कानून अनुसार नर्सरी दर्ता भएको हुनुपर्नेछ।

(ख) स्क्रिन हाउस/ग्रीन हाउस/ सेड हाउस जस्ता पूर्वाधार निर्माणको लागि कम्तीमा २ रोपनी (३ कट्ठा) जग्गामा फलफूल नर्सरी सञ्चालन भएको हुनुपर्नेछ।

(ग) सुन्तलाजात फलफूल नर्सरीको हकमा स्क्रिन हाउस निर्माणको लागि १ देखि २ वटा स्क्रिन हाउस भएका तर कम्प्लिट सेट (माउबोट, रुटस्टक र कलमी बिरुवा सुरक्षित राख्ने कम्तिमा ३ वटा स्क्रिनहाउस भएको) नभएका नर्सरीहरुलाई प्राथमिकता दिइनेछ।

(घ) अनुदान सहयोगमा निर्माण हुने हरेक स्क्रिन हाउस/ग्रीन हाउस/सेड हाउसको क्षेत्रफल कम्तिमा १८० वर्ग मिटर हुनु पर्नेछ ।

(ङ) नर्सरी धनीको आफ्नो स्वामित्वमा जग्गा नरहेको अवस्थामा कम्तिमा १० वर्षका लागि जग्गा धनीसंग करार सम्झौता गरेको हुनु पर्नेछ ।

६. <u>सञ्चालन हुने मुख्य मुख्य क्रियाकलाप र सहजीकरण</u>: फलफूल नर्सरी सुदृढीकरणको लागि यस कार्यविधि बमोजिम निम्न क्रियाकलापहरुमा नेपाल सरकारको प्रचलित ऐन, नियमको आधारमा अनुदान उपलब्ध गराईनेछः-



डा.हरि बहादुर के.सी.
सह-सचिव

(क) सुन्तलाजात फलफूल नर्सरीका लागि देहाय मध्येका एक वा एक भन्दा बढी क्रियाकलापका लागि अनुदान उपलब्ध गराउन सकिनेछ:-

(अ) स्क्रिन हाउस निर्माण कार्य,

(आ) स्क्रिन हाउसभित्र सिचाई जडान तथा ब्यवस्थापन,

(इ) कृषि प्राविधिकले सिफारीस गरेका अन्य नर्सरी पूर्वाधार/संरचना।

(ख) केराको टिस्युकल्चर विरुवा हुर्काउने स्क्रीन हाउस

(ग) अन्य फलफूल नर्सरीका हकमा देहाय मध्येका एक वा एक भन्दा बढी क्रियाकलापमा अनुदान उपलब्ध गराउन सकिनेछ:-

(अ) सेड हाउस निर्माण कार्य,

(आ) सेड हाउसभित्र सिचाई जडान,

(इ) ग्रिन हाउस/ग्लास हाउस निर्माण कार्य,

(ई) कृषि प्राविधिकले सिफारीस गरेका अन्य नर्सरी पुर्वाधार/संरचना।

७. **सूचना प्रकाशन तथा आवेदन सङ्कलन:** (१) केन्द्रले निजी फलफूल नर्सरी सुदृढीकरण कार्यक्रममा सहभागी हुन नर्सरी धनी कृषक, कृषक समूह/सहकारी, निजी फर्महरुबाट आवेदन माग गर्न राष्ट्रिय स्तरको पत्रिकामा ३० दिनको म्याद दिई सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि नर्सरी धनी कृषक, कृषक समूह/सहकारी, निजी फर्महरुले सूचनामा तोकिएको समयावधिभित्र अनुसूची-१ अनुसारको निवेदन र आवश्यक कागजातहरु, अनुसूची-२ बमोजिमको कार्ययोजना र अनुसूची-३ बमोजिमको प्रतिबद्धता पत्र समेत संलग्न गरी केन्द्र वा सूचनामा तोकिएको कार्यालयमा खामबन्दी गरी आवेदन दर्ता गर्नु पर्नेछ।

८. **मुल्याङ्कन र छनौट:** (१) दफा ७ को उपदफा (२) बमोजिम दर्ता भएका आवेदनहरुको मूल्याङ्कनको लागि देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछ:-

| | |
|---|---|
| वरिष्ठ वागवानी विकास अधिकृत, केन्द्र | संयोजक |
| शाखा प्रमुख, वागवानी विकास शाखा, कृषि विभाग | सदस्य |
| लेखा प्रमुख, केन्द्र | सदस्य |
| इन्जिनियर, कृषि विभाग वा अन्य कार्यालय | सदस्य |
| वागवानी विकास अधिकृत, केन्द्र | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार ३ जनासम्म बिषय बिशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) प्राप्त आवेदनहरु मध्ये न्यूनतम योग्यता पुगेका आवेदनहरुको अनुसूची-४ बमोजिमको मूल्याङ्कनको आधारहरुमा मूल्याङ्कन गर्ने।

(ख) आवश्यकता अनुरुप अनुसूची-४ बमोजिमको मूल्याङ्कनको आधारहरुको विस्तृतीकरण गरी उप-आधारहरु बनाउने र सो बमोजिम अङ्कभार बाँडफाड गर्ने।



बहादुर के.सी.

(ग) न्यूनतम योग्यता पुगेका आवेदकहरुको अनुसूची-४ (खण्ड क) बमोजिम मूल्याङ्कनका आधारमा मूल्याङ्कन गरी स्थलगत प्रमाणिकरणका लागि पूर्वछनौट(प्रिस्क्रीनिङ)गर्ने ।

(घ) पूर्वछनौटको लागि आवश्यक पर्ने मापदण्ड तय गर्ने ।

(ङ) पूर्वछनौटमा परेका आवेदकहरुको अनुसूची-४ (खण्ड ख) बमोजिम स्थलगत प्रमाणिकरण गरी प्राप्त गर्ने कुल अंकको आधारमा प्राथमिकताक्रम निर्धारण गरी सम्झौताका लागि केन्द्र समक्ष सिफारिस गर्ने।

(च) सम्झौता अनुसार अनुदानग्राहीको कार्य प्रगति सन्तोषजनक नभएमा वा समयमै कार्यसम्पन्न हुन नसक्ने देखिएमा आवश्यक कारवाही गर्न केन्द्रमा सिफारिस गर्ने ।

(छ) केन्द्रलाई कार्यक्रम कार्यान्वयनका लागि प्राविधिक तथा अन्य विषयमा आवश्यक राय सुझाव दिने।

(४) स्थलगत प्रमाणिकरणको समयमा आवेदनमा पेश गरिएको विवरण झूठो ठहरिएमा, प्राविधिक रुपमा अनुपयुक्त देखिएमा वा आवश्यक न्यूनतम योग्यता नुपगेको प्रमाणित भएमा सो आवेदन अयोग्य ठहर गरी बाँकी आवेदनहरुको मूल्याङ्कन प्रक्रिया अगाडि बढाईनेछ ।

## परिच्छेद ३
## अनुदान सम्झौता र भुक्तानी

९. **<u>अनुदान सम्झौता :</u>** (१) यस कार्यविधि बमोजिम छनौट भएका अनुदानग्राहीले सञ्चालन गर्नुपर्ने क्रियाकलाप, सो को समयसारणी, पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवं भुक्तानी विधि उल्लेख गरी अनुदानग्राहीसँग सम्झौता गरिनेछ।

(२) यस कार्यविधि बमोजिम छनौट भएका अनुदानग्राहीलाई वार्षिक स्वीकृत कार्यक्रमको बजेट परिधिभित्र रही नेपाल सरकारले तोके बमोजिम अनुदान उपलब्ध गराइनेछ।

(३) प्रचलित ऐन तथा नियमावलीको परिधिमा रही सूचना प्रकाशन, मूल्याङ्कन समितिको बैठक भत्ता, अनुगमन तथा मूल्याङ्कन लगायतका कार्यका लागि यसै कार्यक्रमका लागि विनियोजित बजेटको २.५ % (दुई दशमलव पाँच प्रतिशत) रकम नबढ्ने गरी खर्च गर्न सकिनेछ।

१०. **<u>अनुदान रकम भुक्तानी:</u>** (१) सम्झौता गरिएका अनुदानग्राहीलाई सम्झौता बमोजिमको अनुदान रकम दुई किस्तामा बैंक मार्फत अनुदानग्राहीको खातामा भुक्तानी गरिनेछ।

(२) अनुदानग्राहीले सम्झौतामा उल्लेख भए बमोजिम ५० प्रतिशत कार्य सम्पन्न गरी प्रथम किस्ताका लागि अनुदान रकम केन्द्रमा माग गर्नु पर्नेछ । केन्द्रले नर्सरीको स्थलगत अनुगमन पश्चात अनुगमन प्रतिवेदनको आधारमा न्युनतम ५० प्रतिशत कार्य सम्पन्न भएको खण्डमा सम्झौतामा उल्लेख गरिएको रकमको ४० प्रतिशतसम्म अनुदान रकम अनुदानग्राहीलाई उपदफा (१) बमोजिम उपलब्ध गराउने छ।

(३) सम्झौता बमोजिम भुक्तानी हुन बाँकी अनुदान रकम सम्झौता अनुसार सबै काम सम्पन्न भएपश्चात बील भर्पाइ लगायत भुक्तानीको लागि आवश्यक सम्पुर्ण कागजात सहित अनुदानग्राहीको भुक्तानी निवेदन प्राप्त भएपछि स्थलगत अनुगमनको आधारमा उपदफा (१) बमोजिम भुक्तानी गरिनेछ।

(४) अन्य कुराहरुको हकमा अनुदानग्राहीसंग भएको सम्झौतामा उल्लेख भएवमोजिम हुनेछ।

डा. हरि बहादुर के.सी.
सह-सचिव

## परिच्छेद ४
## अनुदानग्राहीले पालना गर्नुपर्ने शर्तहरु:

११. यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीले देहायका शर्तहरु पालना गर्नु पर्नेछः-

(क) यस कार्यविधि बमोजिम प्राप्त हुने अनुदान सहयोगबाट निर्माण हुने कामको विवरण, कुल लागत, निर्माण सम्पन्न अवधि, सहयोगी निकाय र अनुदान रकम लगाएतका विवरणहरु होर्डिङ बोर्डमा प्रष्ट देखिने गरी निर्माणस्थलमा राख्ने व्यवस्था गर्नुपर्नेछ।

(ख) छनौट पश्चात सम्झौता गर्नु अघि केन्द्रले दिएको प्राविधिक पृष्ठपोषणको आधारमा अनुदानग्राहीले पेश गरेको प्रस्तावित संरचनामा सम्बन्धित प्राविधिक मार्फत स्थलगत सर्भेक्षणबाट आवश्यक सुधार गरी लागत इष्टिमेट परिमार्जन गरी स्वीकृतिको लागि केन्द्रमा पेश गर्नु पर्नेछ। पेश गरिने लागत इष्टिमेट प्रचलित ऐन, कानून तथा स्वीकृत जिल्ला/स्थानीय दररेटको आधारमा तयार गर्नु पर्नेछ।

(ग) यस कार्यविधि अनुरुप अनुदान प्राप्त गर्ने अनुदानग्राहीले आधिकारिक प्राविधिकवाट सम्पन्न कामको निरिक्षण गराई कार्य सम्पन्न प्रतिवेदन बनाई पेश गर्नुपर्नेछ।

(घ) सम्वन्धित अनुदानग्राहीले सम्पन्न गरेको कामको प्रगति प्रतिवेदन मासिक रुपमा केन्द्रमा पेश गर्नु पर्नेछ। कार्य सञ्चालनका क्रममा अनुदानग्राहीले कृषि विभाग, राष्ट्रिय फलफूल विकास केन्द्र वा फार्म केन्द्रका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नुपर्नेछ।

(ङ) कार्यक्रम सम्पन्न भईसकेपछि नर्सरी सञ्चालन, व्यवस्थापन एवं बिरुवा बिक्री वितरण गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित अनुदानग्राहीको हुनेछ।

(च) कार्य सम्पन्न भएपश्चात अनुदानग्राहीले स्थानीय स्तरमा सार्वजनिक सुनुवाई कार्यक्रम गरी सो को जानकारी समेत केन्द्रमा पठानुपर्नेछ ।

(छ) अनुदानग्राहीले वार्षिक विरुवा उत्पादन कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु पर्नेछ।

(ज) अनुदानग्राहीले उत्पादित तथा बिक्री वितरण भएका विरुवाहरुको विवरण अनिवार्य रुपमा केन्द्रमा उपलब्ध गराउनु पर्नेछ ।

(झ) फलफूल नर्सरीमा गरिने दैनिक क्रियाकलापहरुको व्यवस्थित अभिलेख राख्नु पर्नेछ ।

(ञ) अनुदानग्राहीले वार्षिक रुपमा नर्सरी निरीक्षक वा सम्बन्धित क्षेत्रको कृषि ज्ञान केन्द्र वा वागवानी फार्म केन्द्रका वागवानी विकास अधिकृतबाट नर्सरीको निरीक्षण गराई सो को प्रतिवेदन राख्नु पर्नेछ।

(ट) अनुदानग्राहीले अनुदान सहयोगबाट उत्पादन गरिने विरुवाहरुमध्येबाट प्रति वर्ष कम्तिमा १०,००० वटा फलफूलका कलमी विरुवा दश वर्षसम्म यस केन्द्रबाट तयार गरिने ब्यालेन्स सीटमा जनाई सरकारी दर रेटमा बिक्री वितरण गर्नु पर्नेछ ।

## परिच्छेद ५
## अनुगमन तथा निरीक्षण

१२. <u>अनुगमन सम्बन्धी व्यवस्था</u>: कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग, राष्ट्रिय फलफूल विकास केन्द्र, जिल्लास्थित कृषि सम्वद्ध संघीय कार्यालय, प्रदेश सरकार अन्तर्गतको कृषि हेर्ने कार्यालय, स्थानिय तहले आवश्यकता अनुसार अलग अलग वा संयुक्त अनुगमन गर्न सक्नेछन्।

## परिच्छेद-६
## विविध

१३. <u>प्रचलित कानून लागु हुने</u>: (१) यस कार्यविधिमा ब्यवस्था भएका बिषयका सम्बन्धमा सोहि बमोजिम र उल्लेख नभएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही गरी असूल उपर गरिनेछ ।

१४. <u>बाधा अड्काउ फुकाउने</u>: (१) यस कार्यविधि अनुसार कार्यक्रम कार्यान्वयनमा बाधा अड्चन आइपरेमा मन्त्रालयको स्वीकृतिमा कृषि विभागले बाधा अड्काउ फुकाउन सक्नेछ ।

(२) यो कार्यविधि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आवश्यकता अनुसार संशोधन तथा खारेज गर्न सक्नेछ ।

डा. हरि बहादुर के.सी.
सह-सचिव

अनुसूची १
(दफा ७ को उपदफा (२) सँग सम्वन्धित)

आवेदन फारामको ढाँचा

मिति : ............

श्रीमान प्रमूख ज्यू,
...................

महोदय,

प्रस्तुत विषयमा तहाँबाट सूचना भए बमोजिम म/हामी..................... अनुदानमा फलफूल नर्सरीको सुदृढीकरण कार्यक्रम सञ्चालन गर्न ईच्छुक रहेकोले .......... रकमको लागत अनुमान तयार गरी तपसील बमोजिमका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु/गरेका छौं ।

**संलग्न कागजातहरुः**

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी
२. दर्ता /नवीकरण/स्थायी लेखा नं /कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
३. बैठक निर्णयको प्रतिलिपि
४. नर्सरी भएको जग्गाको जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि
५. जग्गा भाडामा लिएको भए कम्तिमा १० वर्षको करार सम्झौताको प्रमाणित प्रतिलिपि
६. आधिकारिक ईन्जिनियरबाट तयार गरिएको पूर्वाधारको डिजाईन तथा जिल्ला दर रेट अनुसारको लागत अनुमान (सफ्ट कपी समेत)
७. अनुसूची-२ अनुसारको कार्ययोजना र अनुसूची-३ बमोजिमको प्रतिबद्धता पत्र
८. सम्वन्धित स्थानीय तहको सिफारिस
९. आवश्यक अन्य कागजात

निवेदक

नाम थरः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं. :

हस्ताक्षर र छापः

अनुसूची २

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

## कार्ययोजनाको ढाँचा

१) आवेदकको नाम:

२) ठेगाना:

३) कार्यक्रम संचालन हुने स्थान:

४) कार्यक्रम संचालन हुने क्षेत्रफल:

५) भौतिक सुविधा र हावापानीको अवस्था:

क) बाटो.....

ख) बिजुली.....

ग) सिंचाई ......

घ) बजार ...........

ङ) सम्वन्धित स्थानको हावापानी, उचाई र भुगोलको अवस्था

च) अन्य केहि भए उल्लेख गर्ने .......

६) हाल फलफूल नर्सरीमा रहेको पूर्वाधार संरचना सम्बन्धी अवस्था:

७) हाल नर्सरीमा प्रतिवर्ष उत्पादन गरिरहेको बिरुवाको विवरण

| क.स | फलफूलको किसिम | जात | विरुवाको उमेर र साईज | कलमी विरुवाको संख्या | विजु विरुवाको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

८) अनुदान प्राप्त गरे पछि उत्पादन गर्ने बिरुवाको बिवरण

| क.स | फलफूलको किसिम | जात | विरुवाको उमेर र आकार | कलमी विरुवाको संख्या | विजु विरुवाको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

९) प्रस्तावित क्रियाकलापहरु तथा लागत अनुमान

| कस. | विवरण | ईकाई | परिमाण | अनुमानित लागत(रु) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आफैले ब्यहोर्ने | अनुदान माग | कूल जम्मा | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| | | | | | | | |
| जम्मा | | | | | | | |

१०) संलग्न हुने जनशक्तिको विवरण (दक्ष र अदक्ष जनशक्ति खुल्ने गरी)

| क.स | विवरण | श्रमदिन प्रति वर्ष | योग्यता | वार्षिक खर्च हुने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | पूर्वाधार संचालन | | | | |
| २ | प्राविधिक रेखदेख | | | | |



डा.हरि बहादुर के.सी.

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | सुरक्षा | | | | |
| ४ | अन्य | | | | |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं नेपाल

११) नर्सरी व्यवस्थापन तथा संचालनको लागि उत्पादन सामाग्रीको व्यवस्थापन योजना

-
-
-

१२) उत्पादित विरुवाको बजारिकरण/ बिक्री वितरण योजना

-
-
-

१३) अन्य सान्दर्भिक विवरण/जानकारीहरु

-
-
-

डा.हरि बहादुर के.सी.
सह-सचिव

## अनुसूची ३

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

### प्रतिबद्धता पत्र

राष्ट्रिय फलफूल विकास केन्द्रको मिति २०७..../..../ को सूचना अनुसार फलफूल नर्सरीको सुदृढीकरण कार्यक्रममा सहभागिताको लागि कार्य योजना सहितको आवेदन पेश गरेको छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिमको कार्य गर्ने गरी घटीमा दश बर्ष निरन्तरता दिई मापदण्ड बमोजिम गुणस्तरीय बिरुवा मात्र बिक्री बितरण गर्नेछु/छौं। कार्य योजना अनुसारको कार्य नगरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं। अन्यथा प्रचलित ऐन कानून बमोजिम सहुँला/बुझाउँला। साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं।

इति सम्बत २०७..../..../

| दायाँ | बायाँ |
|---|---|
| | |

नाम, थर:
ठेगाना:
संस्था भए संस्थाको नाम:
दस्तखत:
संस्थाको छाप:

डा.हरि बहादुर के.सी.
सह-सचिव

२०६६/०६/१२

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल

## अनुसूची ४
(दफा ८ को उपदफा (२) को (क) सँग सम्वन्धित)

### मूल्याङ्कनका आधारहरु

यस कार्यविधिको दफा ८ वमोजिम गठित मुल्याङ्कन समितिले देहाय बमोजिमको आधारहरुको विस्तृतिकरण गर्नुको साथै सो अनुसार अङ्क विभाजन गरी मूल्याङ्कन गर्न सक्नेछ ।

**क . प्रस्तावित कार्ययोजनाको मुल्याङ्कन**

१. नर्सरी भएको जग्गाको क्षेत्रफल सम्बन्धी अवस्था: (१५ अङ्क)

२. फलफूल नर्सरीको लागि पूर्वाधार संरचना सम्बन्धी अवस्था: (१५ अङ्क)

३. अन्य पुर्वाधारको अवस्था (१० अङ्क)
- बिजुलीको सुविधा, सडक र सिचाइको सुविधा भएको/हुनसक्ने

४. उत्पादन योजना र उत्पादन सम्भाव्यताको अवस्था (१० अङ्क)

५. जनशक्तिको अवस्था (१० अङ्क)
- तालिम, अनुभव र योग्यता

**ख. स्थलगत प्रमाणिकरण** (४० अङ्क)
- पेश गरिएको विवरण अनुसारको नर्सरी रहेको स्थानको अवस्था ।
- जमिनको अवस्था र भौगोलिक उपयुक्तता ।
- प्राविधिक उपयुक्तता ।
- गुणस्तरिय बिरुवा उत्पादनको लागि आवश्यक माउबोट र रुटस्टकको स्थिती।
- नर्सरी सुदृढीकरणको लागि अन्य आधारहरु ।

डा.हरि बहादुर के.सी.